# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०६९/७० – ९७
चलानी नं. : ३८६

CDS and Clearing Ltd.

## प्रेश विज्ञप्ति

धितोपत्र बजारको थप विकास एवं व्यवस्थित गर्न धितोपत्र कारोबार विद्युतीय रुपमा अभिलेख राखि प्रमाणपत्र रहित राफसाफ तथा फछ्र्यौट प्रणालीलाई सहज गर्ने उद्देश्यले **धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९** मिति २०६९/१२/२० गते देखि लागू भएको छ ।

यस स्वीकृत विनियमावली लागू भए पश्चात् धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ अनुसार योग्यता पुगेका स्वीकृत कम्पनीहरु निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरु तथा स्टक एक्सचेन्ज र राफसाफ निकायहरु बीच सिडिएससिको विद्युतीय संचार सन्जालसँग आबद्ध भई आधुनिक शेयर कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य गर्न सहज भएको छ । विनियमावलीले राफसाफ तथा फछ्र्यौट प्रणालीबाट सरोकारवाला निकाय, दलाल व्यवसायी, राफसाफ बैंक तथा लगानीकर्ताहरुलाई विद्यमान राफसाफ तथा फछ्र्यौट प्रणाली थप सरल, सहज, चुस्त तथा प्रभावकारी हुन गई विशेष गरी लगानीकर्ता व्यक्ति, संस्थाहरुलाई बजारबाट तुरुन्त प्राप्त हुने लाभ लिन सक्षम हुन सक्नेछन् ।

राफसाफ तथा फछ्र्यौट प्रणालीको लागि आवश्यक पर्ने राफसाफ सदस्यका लागि कम्पनीले आव्हान गरी सकेको छ ।

कम्पनीले मिति २०६९/४/१ गते देखि केन्द्रीय निक्षेप प्रणाली संचालन गरी एस डेभलपमेन्ट बैंक लि., कृषि विकास बैंक लि., एभरेष्ट फाईनान्स लि., बैंक अफ काठमाण्डू लि., लक्ष्मी बैंक लि. र हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि. को धितोपत्र अभौतिकीकरण गरेर पनि धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावलीको अभावमा विद्युतीय माध्यमबाट राफसाफ तथा फछ्र्यौट कार्य नसकेकोमा विनियमावली लागु भए पश्चात् विद्युतीय माध्यमबाट राफसाफ तथा फछ्र्यौट कार्य सहज हुने विश्वास कम्पनीले लिएको छ ।

कम्पनीले सफ्टवेयर प्रदायक CMC Limited, India बाट प्राप्त राफसाफ तथा फछ्र्यौट सफ्टवेयर मिति २०६९ चैत्र ७ गते प्राप्त गरी मिति २०६९ चैत्र ११ गतेबाट परीक्षण भई उक्त सफ्टवेयरको माध्यमबाट विद्युतीय माध्यमबाट धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्य सफलता पूर्वक भई रहेको छ ।

कम्पनीले आफ्नो पूर्ण रुपमा कार्य संचालन मिति २०७० वैशाख २ गते बाट हुने व्यहोरा सम्पूर्ण सूचीकृत कम्पनीहरु, सदस्य दलाल, निक्षेप सदस्य, लगानीकर्ता तथा सरोकारवालाहरुलाई यसै विज्ञप्तिद्वारा जानकारी गराईन्छ ।

मिति : २०६९/१२/२०

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 4101593, Fax No.: +977-1-4101597
Website: http://www.cdscnp.com